व्यास नगरकार्यपालिकाको २२४ औं बैठक आज मिति २०८२/०६/२२ गते नगर प्रमुख श्री वैकुण्ठ न्यौपाने ज्यूको अध्यक्षतामा बसी तपसिलको उपस्थितिमा निम्नानुसारको निर्णयहरु गरियो ।

**उपस्थिति**

| | | |
|---|---|---|
| नगर प्रमुख | - श्री वैकुण्ठ न्यौपाने | उपस्थित |
| उपप्रमुख | - श्री इन्दिरा दरै | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १ | - श्री रमेशचन्द्र हड्खले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. २ | - श्री काशीराम श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ३ | - श्री अनुप राना | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ४ | - श्री मन बहादुर गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ५ | - श्री विष्णु कुमार श्रेष्ठ | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ६ | - श्री जीवन गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ७ | - श्री कृष्ण प्रसाद न्यौपाने | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ८ | - श्री युवराज गुरुङ्ग | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ९ | - श्री सुरेश थापा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १० | - श्री खेमराज पोखेल | उपस्थित |
| वडा अध्यक्ष वडा नं. ११ | - श्री दल बहादुर दुरा | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १२ | - श्री बमबहादुर आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १३ | - श्री बसन्त आले | उपस्थित |
| वडा अध्यक्ष वडा नं. १४ | - श्री काजीमान श्रेष्ठ | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चन्द्रमाया परियार | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री नरीमाया राना | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री ज्ञानुमाया सुनार | अनुपस्थित |
| कार्यपालिका सदस्य | - श्री कमला घर्ती | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री किस्ना दुरा गुरुङ्ग | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री चेत बहादुर दरै | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री निला घिमिरे | उपस्थित |
| कार्यपालिका सदस्य | - श्री रनसिं नेपाली | उपस्थित |
| सदस्य - सचिव | - श्री सुकदेव लम्साल | उपस्थित |
| प्रशासकीय अधिकृत | - श्री रामचन्द्र हड्खले | उपस्थित |

प्रस्तावहरु

प्रस्ताव नं.१: मिति २०८२/५/२२ गते व्यास नगर कार्यपालिकाबाट भएका निर्णयहरुको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.२: हालसालै आएको वर्षाबाट प्रभावित धनजन सम्बन्धमा ।
प्रस्ताव नं.३: योजना कार्यान्वयन सम्बन्धमा ।
प्रस्ताव नं.४: करार कर्मचारी व्यवस्थापन एवं खर्च कटौती सम्बन्धमा ।
प्रस्ताव नं.५: जेन्जी समूहको आन्दोलनबाट भएको क्षतिको विवरण सम्बन्धमा ।
प्रस्ताव नं.६: आन्तरिक आय सम्बन्धमा ।
प्रस्ताव नं.७: सामाजिक सुरक्षा भत्ता नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.८: स्वास्थ्य संस्था दर्ता तथा नवीकरण सम्बन्धमा ।
प्रस्ताव नं.९: स्लेट ढुङ्गा कटिङ्ग उद्योग संचालन सम्बन्धमा ।
प्रस्ताव नं.१०: योजनाको म्याद थप सम्बन्धमा ।
प्रस्ताव नं.११: ठेक्का स्वीकृत गर्ने सम्बन्धमा
प्रस्ताव नं.१२: ढुङ्गा, बालुवा ठेक्काको पुनःटेण्डर गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१३: टोल विकास संस्था र सामुदायिक वनको आय अध्ययन सम्बन्धमा ।
प्रस्ताव नं.१४: स्थानीय तह पुनसंरचनामा वडा प्रमाणित गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१५: कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ सम्बन्धमा ।
प्रस्ताव नं.१६: व्यास नगरपालिकाको निमिक्स फर्मा स्यूटिकल्ससँग सहकार्य गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१७: भूमि इकाइ मार्फत हालसम्म गरिएका कामको समीक्षा सम्बन्धमा ।
प्रस्ताव नं.१८: अटो सञ्चालन गर्ने सम्बन्धमा ।
प्रस्ताव नं.१९: योजना परिवर्तन सम्बन्धमा ।
प्रस्ताव नं.२०: अत्यावश्यक विपदजन्य कार्य एवं उपचार सहयोग सम्बन्धमा ।
प्रस्ताव नं.२१: चालु तथा पूँजीगत खर्च सम्बन्धमा ।
प्रस्ताव नं.२२: खाजा खाना खर्च भुक्तानी सम्बन्धमा ।
प्रस्ताव नं.२३: शिवपाञ्चायन माध्यमिक विद्यालय व्यास ३ मा स्थानान्तरण गरी कामकाजमा लगाउने सम्बन्धमा ।
प्रस्ताव नं.२४: खर्च अनुमोदन सम्बन्धमा ।
प्रस्ताव नं.२५: लोक कल्याणकारी विज्ञापन सम्बन्धमा ।

**निर्णयहरु:**

निर्णय नं.१: प्रस्ताव नं.१ का सम्बन्धमा छलफल हुँदा मिति २०८२/५/२२ को कार्यपालिका बैठकबाट भएका निर्णयहरुको समीक्षा गरियो ।

निर्णय नं.२: प्रस्ताव नं.२ का सम्बन्धमा छलफल हुँदा २०८२ असोज १९-२१ गते भएको बाढी पहिरोबाट प्रभावित भएका १४ वटै वडाहरुको तर्फबाट विवरण पेश हुँदा धनजनको क्षति नरहेको विषयको समीक्षा गरियो ।

निर्णय नं.३: प्रस्ताव नं.३ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का नगर सभाबाट निर्णय भएका योजनाहरु कार्यान्वयन गर्ने सम्बन्धमा २०८२/६/७ गते अर्थ मन्त्रालयबाट निर्देशित बुँदाहरुको समीक्षा गरी सोही आधारमा योजना कार्यान्वयन गर्ने गराउने निर्णय गरियो ।

निर्णय नं.४: प्रस्ताव नं.४ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको आयोजनाको पुनप्राथमिकीकरण, अनुत्पादक खर्च कटौती एवं कर्मचारीको स्वीकृत दरबन्दी, कर्मचारी व्यवस्थापन र मितव्ययिता कायम गर्ने सम्बन्धमा संघीय सरकारको निर्देशन समेतको आधारमा अध्ययन गरी प्रतिवेदन पेश गर्न प्रमुख प्रशासकीय

अधिकृतको संयोजकत्वमा निम्नानुसारको निर्णय कार्यान्वयन सिफारिस समिति गठन गरियो र सो समितिको प्रतिवेदन सुशासन समिति मार्फत आगामी नियमित बैठकमा पेश गर्ने निर्णय गरियो ।

संयोजक श्री सुकदेव लम्साल — प्रमुख प्रशासकीय अधिकृत
सदस्य श्री केदारराज आचार्य — उपसचिव, शिक्षा, युवा तथा खेलकुद विकास शाखा प्रमुख
सदस्य डा. राजु पौडेल — सि.डि.ई., योजना तथा पूर्वाधार विकास शाखा प्रमुख
सदस्य श्री प्रमोद सोती — जनस्वास्थ्य अधिकृत, स्वास्थ्य तथा जनसंख्या शाखा प्रमुख
सदस्य श्री रामचन्द्र हड्खले — प्रशासकीय अधिकृत, जनशक्ति व्यवस्थापन शाखा प्रमुख
सदस्य श्री गोकर्णराज वाग्ले — प्रशासकीय अधिकृत, सूचना शाखा प्रमुख
सदस्य श्री अर्जुन बराल — लेखा अधिकृत, आर्थिक प्रशासन शाखा प्रमुख

निर्णय नं.५: प्रस्ताव नं.५ का सम्बन्धमा छलफल हुँदा क्षति, ३ वटा सरकारी मोटर साइकल र एक स्कुटर पूर्ण क्षति, एक निजी स्कुटर पूर्ण क्षति, एक निजी मोटर साइकल आंशिक क्षति, सरकारी एक JCB Loader, एक टाटा सुमो, दमकलको आंशिक क्षति, GPS पूर्ण क्षति, मूल कार्यालय र दमौली सभाहलमा सिसा तोडफोड भई क्षति, १३ नं. वडा कार्यालयका पुराना २ भवन पूर्ण क्षति, नयाँ भवन आंशिक क्षति, नगर प्रमुख आवास गृहमा तोडफोड र भाडामा बस्नेका नगद गहना चोरी लगायतका क्षति भएको विषयमा समीक्षा गरियो ।

निर्णय नं.६: प्रस्ताव नं.६ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ मा आन्तरिक आयतर्फ २० करोड आउने अनुमान गरिएकोमा २०८२/०६/२१ गतेसम्म रू.२,३८,००,०००/- (अक्षेरुपी दुइ करोड अडतिस लाख) प्राप्त भएको विवरण प्राप्त गरियो ।

निर्णय नं.७: प्रस्ताव नं.७ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राही कुल ७९०८ मध्ये ७८१५ जनाको नवीकरण भएको र अझै बाँकी ९३ जना रहेको विवरण प्राप्त भयो । बाँकी लाभग्राहीहरुलाई असोज मसान्तभित्र नवीकरण गर्न गराउन सम्बन्धित सबै वडाले कार्य गर्ने निर्णय गरियो ।

निर्णय नं.८: प्रस्ताव नं.८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत रहेका तपसिल बमोजिमका निजी स्वास्थ्य संस्थाहरुको स्वास्थ्य संस्था दर्ता तथा नवीकरणका लागि यस कार्यालयमा निवेदनहरु प्राप्त भएको र सो संस्थाहरुको मिति २०८२ भाद्र १८ गतेदेखि भाद्र २२ गतेसम्म अनुगमन समिति र जनप्रतिनिधिज्यूहरुको उपस्थितिमा अनुगमन गरी प्रतिवेदन प्राप्त भएको हुँदा अनुगमनका क्रममा दिइएका सुझावहरुहरुलाई यथाशक्य सुधार गर्ने तथा अपुग विवरणहरु पालिकामा पेश गर्ने निर्देशन सहित हाललाई सम्पूर्ण स्वास्थ्य संस्थाहरु २०८३ आषाढ मसान्तसम्मका लागि दर्ता तथा नवीकरण गर्ने निर्णय गरियो ।

**दर्ता तथा नवीकरण गर्ने स्वास्थ्य संस्थाहरु**

| क्र.स | संस्थाको नाम | प्रकार | नवीकरण सकिएको मिति | नवीकरण अवधि | कैफियत |
|---|---|---|---|---|---|
| १ | अनमोल व्यास होमियो क्लिनिक | आयुर्वेद स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| २ | बाराही हेल्थ क्लिनिक | स्वास्थ्य क्लिनिक | नयाँ दर्ता | | |
| ३ | राना स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| ४ | एञ्जिल प्याथोलोजी | प्रयोगशाला | २०८२/०३/३२ | २०८३ असार मसान्त | घ वर्ग |

| क्र.स | संस्थाको नाम | प्रकार | नवीकरण सकिएको मिति | नवीकरण अवधि | कैफियत |
|---|---|---|---|---|---|
| ५ | विकास प्याथोलोजी | प्रयोगशाला | २०८२/०३/३२ | २०८३ असार मसान्त | घ वर्ग |
| ६ | सिन्धु प्याथोलोजी मेडिकल ल्याब | प्रयोगशाला | २०८२/०३/३२ | २०८३ असार मसान्त | घ वर्ग |
| ७ | भण्डारी हेल्थ क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| ८ | समाधान हस्पिटल प्रा.लि. | अस्पताल | २०८२/०३/३२ | २०८३ असार मसान्त | १५ शैया |
| ९ | नेशनल एपोलो अस्पताल प्रा.लि. | अस्पताल | २०८२/०३/३२ | २०८३ असार मसान्त | १५ शैया |
| १० | दाहाल स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| ११ | दमौली सामुदायिक अस्पताल प्रा.लि. | अस्पताल | २०८२/०३/३२ | २०८३ असार मसान्त | स्थान परिवर्तन |
| १२ | लोकप्रिय स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८१/११/२३ | २०८३ असार मसान्त | |
| १३ | भादगाउँ स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| १४ | दमौली सिटीस्क्यान एण्ड डायग्नोष्टिक सेन्टर | डायग्नोष्टक सेन्टर | २०८१/०२/११ | २०८३ असार मसान्त | |
| १५ | व्यास नगर अस्पताल | अस्पताल | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| १६ | चोरस स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |
| १७ | ऋषि स्वास्थ्य क्लिनिक | स्वास्थ्य क्लिनिक | २०८२/०३/३२ | २०८३ असार मसान्त | |

निर्णय नं.९: प्रस्ताव नं.९ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका स्लेट ढुङ्गा सम्बन्धी अनुगमन तथा मूल्याङ्कन समितिबाट सिफारिस भई आएका देहाय बमोजिमका मापदण्ड पुगेका स्लेट ढुङ्गा कटिङ्ग उद्योग सञ्चालनका लागि अनुमति दिने सम्बन्धमा भविष्यमा स्थानीय छर-छिमेकी तथा टोलवासीबाट विरोध भई आएमा र उक्त विरोध मनासिब देखिएमा अन्यत्र स्थानान्तरण गर्ने गरी हाललाई यथास्थानमा उद्योग सञ्चालनका लागि अनुमति प्रदान गर्ने निर्णय गरियो ।

| सि.नं. | उद्योगको नाम | सञ्चालकको नाम | ठेगाना |
|---|---|---|---|
| १. | चण्डीमाई स्लेट ढुङ्गा कटिङ उद्योग | श्री हरिचन्द्र अधिकारी | व्यास न.पा. वडा नं. ११ |

निर्णय नं.१०: प्रस्ताव नं.१० का सम्बन्धमा छलफल हुँदा नगर विकास कोषसँगको साझेदारीमा बैंरेनी जग्गा एकीकरण आयोजना अन्तर्गत सडक तथा स्ट्रक्चर निर्माण योजना (ठेक्का नं.VYASMUN/BLLP/NCB/01/080/081) को

लागि व्यास नगरपालिका र श्री एचआर वि. शिवदेव जे.भि. धुलिखेल बीच मू.अ.कर समेत रू.८,६४,७९,२३७/९२ मा ठेक्का सम्झौता भएकोमा सम्झौता बमोजिम मितिः २०८२/०६/२४ गते भित्र निर्माण कार्य सम्पन्न गर्नुपर्नेमा आयोजनाको कार्यस्थलमा निर्माणको चरणमा केही जग्गा धनीहरुको अवरोध भएको, Structures,Drainage लगायतको केही कार्यहरुमा Design परिवर्तन गर्नुपर्ने लगायतका कारण तोकिएको समयमा निर्माण कार्य सम्पन्न हुन नसकेको साथै नेपालीहरुका महानपर्वहरु वडादशैं, भाईटिका, छठ पर्व लगायतका पर्वहरुमा कामदारहरु समेत बिदामा रहने र चिसो मौसममा सडक कालोपत्रे गर्न समेत कठिनाई हुने लगायतका कारण देखाई मिति २०८२/१२/२५ गतेसम्म म्याद थप माग गरेको अवस्थामा निर्माण व्यवसायीबाट म्याद थपको लागि पेश गरेको कारणहरु उपयुक्त देखिएको र नगरपालिकाको गौरवको आयोजनाको रुपमा रहेको यस योजनामा यथाशक्य सम्पन्न गर्नुपर्ने अवस्था समेतलाई मध्यनजर गरी सार्वजनिक खरिद ऐन २०६३, को दफा ५६ को व्यवस्था र सम्झौता अन्तर्गतको ३५ नं. बुँदाको व्यवस्था बमोजिम मिति २०८२/१२/२४ गतेसम्म म्याद थप गर्न उपयुक्त देखिएको भनी सम्बन्धित आयोजनाबाट सिफारिस भई आएकोले सिफारिस भै आए बमोजिम मिति २०८२/१२/२४ गतेसम्म म्याद थप गर्ने निर्णय गरियो ।

निर्णय नं.११: प्रस्ताव नं.११ का सम्बन्धमा छलफल हुँदा विभिन्न निर्माण कार्यको लागि कार्यालयबाट विद्युतीय बोलपत्र आब्हान भएकोमा दर्ता हुन आएका विभिन्न फर्मका विद्युतीय बोलपत्रहरु मध्ये बोलपत्र मूल्यांकन समितिको सिफारिस बमोजिम तपसिल बमोजिमका ठेक्काहरु स्वीकृत गर्ने निर्णय गरियो ।

| सि.नं. | योजनाको नाम र ठेगाना | फर्मको नाम र ठेगाना | कबोल रकम (मु.अ. कर बाहेक) | घटी प्रतिशत |
|---|---|---|---|---|
| १ | झांक्रिथान खानेपानी, व्यास १३ | श्री बेलु निर्माण सेवा व्यास २ तनहुँ | रु.२६,९७,७०२।८० | १९.९२ |
| २ | केशवटार स्वास्थ्य केन्द्र भवन निर्माण व्यास १४ | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ तनहुँ | रु.२३,९३,९८८।३३ | ८.३२ |
| ३ | बर्लाची सिकाई केन्द्र भवन व्यवस्थापन र स्तरोन्नति व्यास ८ | श्री गणेश कन्स्ट्रक्सन व्यास ३ तनहुँ | रु.१९,२९,५२८।४० | ९.२० |
| ४ | नयाँपुलदेखि कृष्णपुर सडक स्तरोन्नति व्यास ४ | श्री बेलु निर्माण सेवf व्यास २ तनहुँ | रु.१२,४९,४१९।०० | २६.५५ |
| ५ | औषधी तथा सर्जिकल सामग्रीहरु खरिद | शिवशक्ति मेडिको स्टोर्स वालिङ | रू.१८,२८,४०७।७५ | ६०.६३ |

निर्णय नं.१२: प्रस्ताव नं.१२ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा. वडा नं.५, ६, ७ र १० मा पर्ने मादी नदी तर्फको र वडा नं. १३ र १४ मा पर्ने सेती नदी तर्फको ढुङ्गा, गिट्टी, बालुवाको उत्खनन् गर्न प्रारम्भिक वातावरणीय अध्ययन प्रतिवेदन र प्राविधिक प्रतिवेदन अनुसार टेण्डर गरिएकोमा प्रथम पटक कुनैपनि बोलपत्र पेश हुन नआएकोले सार्वजनिक खरिद ऐन, नियम अनुसार थप टेण्डर प्रकृया अघि बढाउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१३: प्रस्ताव नं.१३ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गतका टोल विकास संस्थाहरु र सामुदायिक वन उपभोक्ता समितिले सदस्यहरुबाट गरेको आय पारदर्शी भएन, नियमित रकम जम्मा नभए सदस्यहरुलाई जरिवाना गर्ने तर आयको सदुपयोग भएन भन्ने जनगुनासो आएकाले सम्बन्धित वडा मार्फत आ-आफ्ना वडाका दर्ता भएको टोल विकास संस्था, सामुदायिक वन उपभोक्ता समितिको विवरण उनीहरुको आय

विवरण एवं संकलित रकमको प्रयोग सम्बन्धमा अध्ययन गरी कार्तिक २०८२ भित्रमा प्रतिवेदन दिन सबै वडाहरुलाई जिम्मेवारी तोक्ने निर्णय गरियो ।

निर्णय नं.१४: प्रस्ताव नं.१४ का सम्बन्धमा छलफल हुँदा २०७३ सालमा स्थानीय तहको पुनसंरचना हुँदा कतिपय वडाहरुको साविक वडा नं. फरक परेको नागरिकता लगायतका सरकारी अभिलेख तयार गर्दा बाबुआमाको नागरिकता, विवरण र सोही वडामा रहेका छोराछोरीहरुको एक पालिका वा एकै वडा भएको सिफारिस दिंदा सिफारिस दस्तुर लिने सम्बन्धमा गुनासो आएकाले त्यस्तो ठेगाना मिलान गर्नुपर्ने सिफारिस दिंदा सिफारिस शुल्क नलिन सम्बन्धित वडालाई निर्देशन गर्ने निर्णय सो सम्बन्धमा नियमानुसार छुट दिन मिल्ने भए गर्नु गराउनु हुन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

निर्णय नं.१५: प्रस्ताव नं.१५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाबाट वितरण गरिने कृषि तथा पशुपन्छी कार्यक्रम अनुदान सम्बन्धमा कार्यविधि आवश्यक देखिएकाले प्रस्तावित कृषि तथा पशुपन्छी विकास कार्यक्रम कार्यान्वयन कार्यविधि, २०८२ पारित गर्ने निर्णय गरियो ।

निर्णय नं.१६: प्रस्ताव नं.१६ का सम्बन्धमा छलफल हुँदा व्यास न.पा.१० मा रहेको निमिक्स फर्मा स्यूटिकल्स लि. र नगरपालिका परिशरमा आगलागी तथा आपतकालीन अवस्थामा सहकार्य गर्ने गरी सम्झौता गर्ने निर्णय गरियो । सो वापतको शुल्क सम्झौता बमोजिम हुने समेत निर्णय गरियो ।

निर्णय नं.१७: प्रस्ताव नं.१७ का सम्बन्धमा छलफल हुँदा यस नगरपालिकाले खरिद गरेको सरसफाई लगायतका कार्यमा सहयोग पुऱ्याउने उद्देश्यले अटो सञ्चालन गर्न यातायातबाट सवारी अनुमति पत्र प्राप्त यसै न.पा.का सरसफाई कर्मचारी व्यास ५ निवासी श्री निमन श्रेष्ठलाई हालकै सेवा सुविधा पाउने गरी अटो चालकमा नियुक्त गर्ने निर्णय गरियो ।

निर्णय नं.१८: प्रस्ताव नं.१८ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिका अन्तर्गत भूमिहिन दलित, भूमिहिन सुकुम्बासी र अव्यवस्थित बसोवासीहरुको निवेदन विवरण, जग्गा नापी विवरण निम्नानुसार रहेको बैठकमा सम्बन्धित शाखाबाट पेश भई थप प्रकृया संघीय सरकारको निर्देशानुसार गर्न गराउन कार्यालयलाई निर्देशन दिने निर्णय गरियो ।

(क) दरखास्त र नापी विवरण :
१. कुल निवेदन संख्या - ७०८३
२. हालसम्म नापी भएको - ४१७२
(नोटः प्रथम सूचनामा ६७१७, द्धितीयमा २५३ र तृतीयमा ११३ निवेदन)
३. कुल अव्यवस्थित ६१८४, भूमिहिन दलित २६५, भूमिहिन सुकुम्बासी ६३४ समेत जम्मा ७०८३ । नापी भएको अव्यवस्थित ३५६०, भूमिहिन दलित ७६, भूमिहिन सुकुम्बासी ३०४, सार्वजनिक २३२ ।

(ख) वडागत प्राप्त विवरण :

| वार्ड | निवेदन फारम (निस्सा) | अव्यवस्थित | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी |
|---|---|---|---|---|
| १ | ५२५ | ४२५ | ४५ | ५५ |
| २ | १५६ | १३६ | ५ | १५ |
| ३ | ३३० | ३१८ | १ | ११ |
| ४ | २१७ | १८४ | १० | २३ |
| ५ | ६८० | ६१६ | १९ | ४५ |

| वार्ड | निवेदन फारम (निस्सा) | अव्यवस्थित | भूमिहिन दलित | भूमिहिन सुकुम्बासी |
|---|---|---|---|---|
| ६ | ६९६ | ५३५ | ५७ | १०४ |
| ७ | ३४९ | ३०४ | २४ | २१ |
| ८ | १७१ | १६५ | ३ | ३ |
| ९ | १६३ | १५० | ५ | ८ |
| १० | ११८० | १०४२ | ३४ | १०४ |
| ११ | ९४७ | ८४५ | १८ | ८४ |
| १२ | ८५१ | ७१२ | २९ | ११० |
| १३ | ४९२ | ४४१ | १२ | ३९ |
| १४ | ३२६ | ३११ | ३ | १२ |
| जम्मा | ७०८३ | ६१८४ | २६५ | ६३४ |

व्यास नगरपालिकाको अव्यवस्थित, भूमिहिन सुकुम्बासी र भूमिहिन दलितको नापी कार्यको विवरण

| क.स | विवरण | वडा नं.१२ | वडा नं.१३ | वडा नं.१४ | वडा नं.११ | वडा नं.१० (चलिरहेको) |
|---|---|---|---|---|---|---|
| १ | जम्मा नापिएको कित्ता | १२२१ | ६७९ | २७३ | १२२५ | ५३२ |
| २ | अव्यवस्थित बसोबास(AB) | १०८९ | ५३८ | २४० | १०४९ | ४१७ |
| ३ | भू महिन सुकुम्बासी(BS) | ८८ | २६ | ७ | ७८ | ७३ |
| ४ | भूमिहिन दलित (BD) | २३ | १३ | ३ | १८ | १६ |
| ५ | अन्य (सार्वजनिक जग्गा, नम्बरी कित्ता) | २१ | १०२ | २३ | ८० | २६ |
| ६ | जम्मा क्षेत्रफल (व.मि.) | २२६१२७९. | १२३२५४३.३६ | ५०४६३३.४५ | १९२०३१८.३७ | |
| ७ | जम्मा हेक्टर | २२६.१३ | १२३.२५ | ५०.४६ | १९२.०३ | |
| ८ | रो-आ-पै-दा | ४४४-१४-०-३ | २४२२-१२-०-०.३ | ९९१-१४-३-३ | ३७७४-१०-३-१ | |

<u>निर्णय नं.१९:</u> प्रस्ताव नं.१९ का सम्बन्धमा छलफल हुँदा आ.व.२०८२/०८३ का लागि निर्णय भएका निम्न लिखित योजनाहरुको सम्बन्धित पालिका र वडाबाट सिफारिस भई आए बमोजिम आगामी नगर सभाबाट अनुमोदनका लागि पेश गर्ने गरी योजना परिवर्तन गर्ने निर्णय गरियो ।

| सि.नं. | शिर्षक नं. | ठेगाना | योजना | रकम | परिवर्तित योजना |
|---|---|---|---|---|---|
| १. | ९३२ | व्यास १० | चण्डीदेवी रा.मा.वि. शौचालय निर्माण | ५,००,०००/- | विद्यालयको फर्निचर निर्माण तथा खरिद |
| २. | ९७६ | रिसिङ गा.पा.१ | हुप्से तटबन्धन साझेदारी | १०,००,०००/- | रिसिङ १ झापुटार मलिङ्गामिलन मोटर मार्ग निर्माण |

<u>निर्णय नं.२०:</u> प्रस्ताव नं.२० का सम्बन्धमा छलफल हुँदा निम्न लिखित अत्यावश्यक कार्य, विपद्जन्य कार्य र उपचार सहयोगमा निम्नानुसार रकम निम्नानुसार शीर्षकबाट विनियोजन गर्ने निर्णय गरियो ।

| सि.नं. | कार्यक्रम | वडा नं. | विनियोजित रकम | खर्च शीर्षक |
|---|---|---|---|---|
| १. | सबिना न्यौपाने, अध्ययन सहयोग | १ | २५,०००/- | ८५ |
| २. | उमादेवी पन्थको घर जग्गा संरक्षण | १ | ४०,०००/- | विपद् |
| ३. | तनहुँ जिल्ला अदालत कार्यालय सामग्री खरिद | ३ | ५,८४,०००/- | ८९८ |
| ४. | बतासेडाँडा अधुरो पार्क निर्माण | ६ | ९५,०००/- | ८७४ |
| ५. | राजेन्द्र अधिकारीको २ खसी अचानक मृत्यु राहत | ९ | १५,०००/- | विपद् |
| ६. | व्यास मार्गदिखि मुक्तिनाथ कृषि पशु फार्ममा बाटो सुधार | १० | ७०,०००/- | ९७८ |
| ७. | लालुमाया भुजेल, क्यान्सर उपचार सहयोग | १२ | २५,०००/- | ६१ |
| ८. | ३ वर्षे बालक एवान भुजेल, उपचार सहयोग | १३ | २५,०००/- | ६१ |
| ९. | रञ्जना रानाभाट, अध्ययन सहयोग | | २५,०००/- | ८५ |
| १०. | स्थानीय सम्पदा निरीक्षण पदयात्रा कार्यक्रम भुक्तानी | | २८,०००/- | ११६ ( व भन्न भाषा साहित्य कला संरक्षण प्रबर्धन कार्यक्रम) |
| ११. | व्यास अवतरण दिवस (२०८२।०३।२५) निबन्ध लेखन प्रतियोगिता कार्यक्रम सञ्चालन भुक्तानी | | ३०,०००/- | |

<u>निर्णय नं.२१:</u> प्रस्ताव नं.२१ का सम्बन्धमा छलफल हुँदा चालु आ.व.२०८२/०८३ को चालु खर्च र पूँजीगत खर्चको अवस्था बैठकमा पेश भई जानकारी प्राप्त भयो । पूँजीगत योजनाहरुको कार्यान्वयन गर्न प्रभावकारी बनाउने निर्णय गरियो ।

<u>निर्णय नं.२२:</u> प्रस्ताव नं.२२ का सम्बन्धमा छलफल हुँदा बैरेनी जग्गा एकीकरण आयोजना क्षेत्रभित्र परेका जग्गाधनीहरुको जग्गाको श्रेष्ता चेकजाँच, अध्यावधिक, मोठ भिडाउने, कम्प्युटर प्रविष्टि चेकजाँच तथा संशोधन लगायतका कार्यहरु सम्पादन गर्नको लागी मालपोत कार्यालय तनहुँमा कार्यरत कर्मचारीहरुले कार्यालय समयभन्दा बाहिरको अतिरिक्त समय प्रयोग गरी गरेको भनी उक्त कार्य सम्पादन गरेबापतको खाजा खाना खर्च भुक्तानी पाउँ भनी प्राप्त निवेदन अनुसार उक्त कार्यमा संलग्न कर्मचारीहरुलाई नेपाल सरकार अर्थ मन्त्रालय, कार्य संचालन निर्देशिका २०७७ बमोजिमको खर्च मापदण्डको अधिनमा रही हुन आउने एकमुष्ठ रकम रू.१,३९,२००/- (अक्षरेपी एक लाख उनन्चालिस हजार दुई सय रुपैयाँ मात्र) भुक्तानी दिने निर्णय गरियो ।

<u>निर्णय नं.२३:</u> प्रस्ताव नं.२३ का सम्बन्धमा छलफल हुँदा शिवपाञ्ज्यन माध्यमिक विद्यालय व्यास-३ मा माध्यमिक तह शिक्षण सिकाई अनुदान अंग्रेजी विषयमा कार्यरत शिक्षक श्री मिलनबहादुर आलेलाई कामकाजमा खटाउने निर्णय गरियो ।

<u>निर्णय नं.२४:</u> प्रस्ताव नं.२४ का सम्बन्धमा छलफल हुँदा ४२ औं विश्यसम्पदा दिवस २०८२ (सन् २०२५ अप्रिल १८) भव्य रुपमा मनाइएको हुँदा सो कार्यक्रममा भएको सि.नं.१५४ खर्च शीर्षक नं.२२५२९ बाट रू.२२,६०५/- अनुमोदन गर्ने निर्णय गरियो ।

<u>निर्णय नं.२५:</u> प्रस्ताव नं.२५ का सम्बन्धमा छलफल हुँदा व्यास नगरपालिकाको लोककल्याणकारी विज्ञापन वितरण सम्बन्धमा छानविन तथा मूल्याङ्कन समितिको मिति २०८२/०६/२१ गतेको बैठकबाट सिफारिस भई आएका दैनिक, साप्ताहिक पत्रिका, एम.एम. र अनलाइन सञ्चार माध्यमहरुलाई कार्यविधिमा उल्लेख गरिए अनुसार विज्ञापन सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

***